जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
**गोलबजार नगरपालिका–६, सिरहा**
**फोन नं.: ०३३–५४०३५६**
**मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६**
**इमेल :** marganugamidaily@gmail.com, mgnd2070@gmail.com

बर्षः १०, अंकः ३१७ पृष्ठः ४ | २०८० चैत्र ३० गते शुक्रबार (Friday 12 April 2024) | मूल्य रु. ५।– | इमेल : marganugamidaily@gmail.com

## वैशाख २ गतेदेखि देशभर विद्यार्थी भर्ना अभियान शुरु हुने

काठमाडौं, २९ चैत्र। नयाँ शैक्षिक सत्रका लागि आउँदो वैशाख २ गतेदेखि देशभर विद्यार्थी भर्ना अभियान शुरु हुँदैछ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रले विद्यार्थी भर्ना अभियान सहजीकरण कार्ययोजना तयार गरी कार्यान्वयनका लागि पालिका र अन्य सम्बन्धित पक्षलाई आग्रह गरेको छ। अभियानको पहिलो दिन वैशाख २ गते सबै पालिकाका शिक्षा प्रमुख, एकाइ प्रमुख, नगरपालिका महासंघ, गाउँपालिका महासंघ, मन्त्रालय र केन्द्रीय निकायको सहभागितामा शिक्षामन्त्री श्रेष्ठको उपस्थितिमा 'भर्चुअल' माध्यमबाट अन्तरक्रिया गर्ने कार्यक्रम छ।

वैशाख २ देखि २१ गतेसम्म एफएम रेडियोबाट अभियानको सन्देश प्रसारण गरिने शिक्षा तथा मानव स्रोत विकास केन्द्रका निर्देशक गोविन्दराज पोखेलले बताउनुभयो। सामुदायिक विद्यालय केन्द्रित हुने यस अभियानअन्तर्गत वैशाख २ गते पालिकाको निर्देशनअनुरूप विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघले विद्यालयमा भर्ना भएका विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गर्दै भर्ना अभियान थालिनेछ। वैशाख ५ गते अभियानको ब्यानरसहित घरदैलो कार्यक्रम, वैशाख ७ गते अभिभावकविहीन बालबालिकाको अभिभावकत्व लिन समाजका उदारमना सदस्यसँग आह्वान गर्नेलगायत कार्यक्रम निर्धारण भएको छ। अभियानकै क्रममा वैशाख १० गते यो दिनसम्म भर्ना भएका विद्यार्थीलाई पोसाक र छात्रवृत्ति प्रदान गरिनेछ।

वैशाख १५ देखि २० गतेसम्म शिक्षा विकास तथा समन्वय एकाइबाट प्राप्त विवरणका आधारमा विद्यार्थी विवरण तयार गरी मन्त्रालय पठाइने केन्द्रले जनाएको छ। निजी क्षेत्रका धेरैजसो विद्यालयले भने वैशाखको पहिलो हप्तादेखि कक्षा सञ्चालन हुने गरी भर्ना प्रक्रिया शुरु गरिसकेका छन्। 'सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता' नारा रहेको भर्ना अभियानले विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई भर्ना गराई शिक्षासम्बन्धी नेपालको संविधानको मौलिक हक (धारा ३१) कार्यान्वयनलाई सुनिश्चित गर्ने लक्ष्य लिएको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रको 'ल्यास रिपोर्ट २०७९' अनुसार पूर्वप्राथमिक तहको कुल भर्नादर ९४ दशमलव ९ प्रतिशत छ। विगतको तुलनामा विद्यालय भर्नादर बढे पनि बीचमै पढाइ छाड्ने प्रवृत्ति भने अन्त्य भएको छैन। यसैबीच नयाँ शैक्षिक सत्र शुरु हुनु तीन दिनअघि नै जनक शिक्षा सामग्री केन्द्रले ७७ वटै जिल्लामा पाठ्यपुस्तक पुऱ्याएको छ। केन्द्रका प्रबन्ध सञ्चालक अनिलकुमार झाले देशका विभिन्न भागमा रहेका नौ वटा बिक्री केन्द्रमा शैक्षिक सत्र–२०८१ का लागि सबै विषयका पुस्तक छापेर पुऱ्याइएको बताउनुभयो।

केन्द्रले प्रकाशन गरेको कार्यतालिकाअनुसार विराटनगर, जनकपुर, सानोठिमीमा रहेको केन्द्रीय कार्यालय, भरतपुर, पोखरा, बुटवल, नेपालगञ्ज, सुर्खेत र धनगढीबाट यही चैत १३ देखि २८ गतेसम्म पाठ्यपुस्तक बिक्री भएका छन्। केन्द्रले चालु शैक्षिक सत्रमा पनि समयमा नै किताब पुऱ्याएको थियो। प्रबन्ध सञ्चालक झाका अनुसार आउँदो शैक्षिक सत्रका लागि जिम्मेवारी दिइएको कक्षा ५ देखि १२ सम्मका एक करोड ७५ लाख थान किताब छापेर फागुनदेखि नै बिक्री शुरु गरेको थियो। केन्द्रले चौबीसै घण्टा पुस्तक छापेको थियो। कुनै कारणवश पाठ्यपुस्तक कहीँ नपुगेको जानकारीमा आए तत्काल सम्बन्धित प्रदेश कार्यालयबाट आवश्यक व्यवस्था गरिने केन्द्रले जनाएको छ।

## गृहमन्त्री लामिछानेद्वारा गढीमाईमा पूजापाठ



बारा, २९ चैत्र। उपप्रधान एवम् गृहमन्त्री रवि लामिछाने बिहीबार बाराको गढीमाई मन्दिरमा पूजापाठ गर्नु भएको छ धनुषाको जनकपुरधामस्थित मधेश प्रदेशस्तरीय सुरक्षा गोष्ठी कार्यक्रममा सहभागी भई फिर्ता आउने क्रममा बिहीबार बिहान गढीमाताको विधिवत् पूजापाठ गर्नु भएको मूल पुजारी मंगल चौधरीले जानकारी दिनुभयो। गृहमन्त्री लामिछानेको आजै अर्को कार्यक्रम वीरगन्जस्थित होटेल कलार्क रिसोर्टमा मधेश प्रदेशको सुरक्षा तथा छिमेकी (मित्र) राष्ट्र भारतमा हुन लागेको २०२४ को लोकसभा चुनावमा दुई मुलुकबिचको सिमानाकाको अवस्थाबारे विशेष जानकारी लिन उच्च सुरक्षा समितिको बैठक बोलाइएको बाराका प्रहरी प्रवक्ता दघिराम न्यौपानेले बताउनुभयो। सो बैठकमा मधेश प्रदेशका प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरी, सशस्त्र प्रहरीका **–बाँकी अन्तिम पेजमा**

## डढेलोले राजमार्गमा तुवाँलो, चालक र यात्रीलाई समस्या

**यादवराज पुरी**

रौतहट, २९ चैत्र। डढेलोबाट निस्किएको धुँवाले वातावरणमा परेको असरको कारण पूर्व–पश्चिम राजमार्गको रौतहट खण्ड तुवाँलोले ढाकेको जस्तो देखिन्छ। डिभिजन वन कार्यालय रौतहटका सूचना अधिकृत विमल ठाकुरका अनुसार डढेलोबाट निस्कने धुवाँको मुस्लोमा कार्बनडाईअक्साईड, कार्बनमोनोअक्साईड, मिथेन र अन्य प्राङ्गारिक ग्यासहरू हुनेहुँदा वातावरण तुवाँलोले ढोकेको जस्तो देखिएको हो।

नेपालको सन्दर्भमा वन डढेलो मुख्यतया प्राकृतिक कारण र मानवीय कारणबाट लाग्ने गरेको तथ्य भेटिन्छ। विभिन्न अध्ययन तथा सन्दर्भ सामाग्री अनुसार उक्त कारणमध्ये एक प्रतिशतभन्दा पनि कम प्राकृतिक कारणले डढेलो लाग्नसक्छ भने ९९ प्रतिशतभन्दा बढी मानवीय क्रियाकलापले लाग्नसक्छ। वन डढेलोले सबै जैविक वस्तु (वनस्पति तथा वन्यजन्तु) र अजैविक वस्तु (माटो, ढुङ्गा तथा वातावरण) लाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा असर पुऱ्याइरहेको हुन्छ। मुख्यतयाः डढेलोले वन जंगलका काठ, दाउरा, घाँस सखाप पार्छ। स–साना बिरुवा डढेर मर्ने, वनको पुनरुत्पादन तथा जैविक विविधतामा ह्रास पुऱ्याउने गर्छ। डढेलोले वायुमण्डलीय प्रदूषण, वर्षाको अनियमितता, जलवायु परिवर्तन, पारिस्थितिकीय प्रणालीमा असर पार्छ जसको कारण वातावरण प्रभावित हुन्छ।

डढेलोबाट सामाजिक तथा आर्थिक असर जस्तै माटोको उर्वराशक्ति ह्रास आउनु, विकास निर्माण कार्यमा असर पर्नु, वन नजिक रहेका बस्तीमा क्षति हुनु, बहुमूल्य वनस्पति एवं वन्यजन्तुको नाश हुने गर्दछ। वन डढेलोबाट आर्थिक, सामाजिक र जैविक विविधतामा मात्र क्षति पुग्ने नभई त्यसबाट निस्कने धुवाँको मुस्लोमा कार्बनडाईअक्साईड, कार्बनमोनोअक्साईड, मिथेन र अन्य प्राङ्गारिक ग्याँसले वायुमण्डल दूषित हुनगइ मानिसमा आँखा तथा श्वासप्रश्वास सम्बन्धी रोग लाग्न सक्ने सम्भावना अधिक हुन्छ।

डढेलोको धुवाँले राजमार्गमा तुवाँलो लागेको जस्तो वातावरण हुँदा दुई पाङ्गे, चारपाङ्गे तथा अन्य कुनै पनि सवारी चलाउन समस्या भएको सवारी चालक नै बताउँछन्। तुवाँलोको कारण दुरदृष्टि कमजोर हुँदा दुर्घटना हुनसक्ने सम्भावना अधिक रहेको वीरगन्ज– गौर चल्ने एक बसका चालक शैलेश गिरीले बताउनुभयो। जिल्ला ट्राफिक कार्यालय रौतहटका प्रमुख प्रहरी निरीक्षक सुशील आचार्यले वनमा लागेको डढेलोको कारण निस्किएको धुवाँले एकातिर चालक र यात्रुको आँखा पोल्ने, दम बढ्ने समस्या देखिएको छ भने अर्कोतिर बाटो धमिलो

**–बाँकी अन्तिम पेजमा**




## जनकपुरधाममा सहिद कप अन्तरप्रदेश टी–२० क्रिकेट प्रतियोगिता हुने

**धर्वेन्द्र झा**

धनुषा, २९ चैत्र। मधेश प्रदेशको राजधानी जनकपुरधाममा आगामी वैशाख २० देखि २९ गतेसम्म सहिद कप अन्तरप्रदेश टी–२० क्रिकेट प्रतियोगिता हुने भएको छ। मधेश प्रदेश सरकारको खेलकुद तथा समाज कल्याण मन्त्रालयको आयोजना, सहिद कप क्रिकेट कमिटीको संयोजन तथा नेपाल क्रिकेट संघ (क्यान)को सहकार्यमा हुन लागेको उक्त प्रतियोगितामा सात वटा प्रदेशको क्रिकेट टिम र एउटा आयोजक टिम गरी आठवटा टिमको सहभागिता रहने बिहीबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सहिद कप क्रिकेट कमिटीका संयोजक रोशन सिंहले जानकारी दिनुभयो।




प्रतियोगिताको विजेता टिमलाई दुई लाख एघार हजार नगद र ट्रफि र उपविजेता टिमलाई एक लाख एक हजार नगद र ट्रफि प्रदान गरिने आयोजक मधेश प्रदेश सरकारको खेलकुद तथा समाज कल्याण मन्त्रालयका सचिव चूडामणि फुयाँलले जानकारी गराउनुभयो। निजी स्तरबाट २०७५ सालदेखि सुरु भएको उक्त प्रतियोगिता कोरोना कालमा हुन सकेको थिएन। मधेश प्रदेश सरकारले यसको अपनत्व लिएपछि तेस्रो पटक उक्त प्रतियोगिता हुन लागेको हो। प्रतियोगितामा ३७ लाख रुपियाँ जति खर्च हुने जसमध्ये ३० लाख रुपियाँ प्रदेश सरकारले दिने र बाँकी रुपियाँ निजी स्तरबाट सहयोग उठाइने संयोजक सिंहले पत्रकार सम्मेलनमा जानकारी दिनुभयो।

**–बाँकी अन्तिम पेजमा**

# सम्पादकीय

## जाँचबुझ प्रतिवेदन सार्वजनिक गर्ने सकारात्मक अभ्यास नरोक

कुनै विषयमा विवाद उत्पन्न भयो वा जनदबाब पर्‍यो भने त्यसलाई मत्थर पार्न जाँचबुझ, छानबिन, वा अनुसन्धान समितिरआयोग बनाउन सरकार अग्रसर हुन्छ। तर तिनले दिएको प्रतिवेदन भने दराजमा थन्क्याइन्छ र बिरलै कार्यान्वयन गरिन्छ। छानबिन प्रतिवेदन जस्तो भए पनि 'गोप्य' नै राख्ने सरकारी अभ्यासका कारण त्यस्ता अनुसन्धानप्रति जनताको विश्वास गुम्दै गएको छ। यस्तै, परिश्रमपूर्वक छानबिन गरी प्रतिवेदन तयार गर्नेहरूमा त्यस अपारदर्शी अभ्यासले निराशा उत्पन्न हुनेगरेको देखिन्छ। यस्तो अवस्थामा ढिलै भए पनि ६ वर्ष पहिले दिइएको 'चिकित्सा शिक्षासम्बन्धी जाँचबुझ आयोग'को प्रतिवेदन शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयले सार्वजनिक गरेको छ। पारदर्शिता बढाउने शिक्षा मन्त्रालयको यो निर्णय सकारात्मक र स्वागतयोग्य हो।

चिकित्सा शिक्षामा व्याप्त विकृति र अनियमितताको अध्ययन गरी समाधानका उपायहरू सुझाउन सरकारले 'चिकित्सा शिक्षासम्बन्धी जाँचबुझ आयोग' गठन गरेको थियो। आयोगको प्रतिवेदनमा चिकित्सा शुल्क नियमनदेखि अनियमिततामा संलग्न विभिन्न व्यक्तिहरूमाथि कारबाहीसम्मको सुझाव समाविष्ट छ। अपसोच, आयोगको प्रतिवेदन सरकारी दराजमा थन्क्याइयो। सिफारिसमा परेका कसैमाथि कारबाही भएन। अरू बुँदाका हकमा सरकारले आफ्नो सुविधाअनुसारको नीति अपनायो। समयको अन्तरालमा बिस्तारै 'चिकित्सा शिक्षासम्बन्धी जाँचबुझ आयोग'को प्रतिवेदन पनि विस्मृतिमा गयो। यसरी प्रतिवेदन गुपचुप पारेर राख्दा एकातिर 'चिकित्सा शिक्षासम्बन्धी जाँचबुझ आयोग'को र औचित्य र उपादेयतामा नै शंका उत्पन्न भयो भने अर्कातिर कारबाही हुनुपर्नेहरूले उन्मुक्ति पाए। यसले शासन व्यवस्थाकै प्रभावकारिता र साख घट्यो।

अर्कातिर, आयोगले दोषी ठहर गरी कारबाहीको सिफारिस गरेकामध्ये कोही निर्दोष थिए भने उनीहरूमाथि पनि अन्याय भयो। बेलैमा प्रतिवेदन सार्वजनिक गरिएको भए कम्तीमा तिनले सफाइको मौका पाउँथे। अब बाँचुन्जेलका लागि 'दोषी' ठहरिने भए। यसैले शिक्षा तथा प्रविधि मन्त्रालयले सुरु गरेको छानबिन प्रतिवेदन सार्वजनिक गर्ने सकारात्मक अभ्यासलाई निरन्तरता दिइनुपर्छ। शिक्षा मन्त्रालयमै यस्ता कतिपय प्रतिवेदन थन्क्याएर राखिएका छन् भने अरू मन्त्रालय र निकायहरूमा पनि यस्ता थुप्रै प्रतिवेदनहरू लुकाइएका छन्।

प्रतिवेदन सार्वजनिक गर्ने अभ्यास गरिएमा सरकारी अधिकारीको स्वार्थमा प्रतिवेदनका बुँदा सञ्चार माध्यममा चुहाउने गैरजिम्मेवार अभ्यास बन्द हुनेछ। यसैगरी सञ्चारकर्मीले पनि अनुमानका भरमा वा समाचार 'ब्रेक' गर्ने लोभमा अँधेरामा तीर चलाउन वा सरकारी मुखपात्र बन्नु पर्नेछैन।

# निर्देशक र ल्याब प्रमुखलाई थुनामा राख्ने अनुमति

वीरगन्ज, २९ चैत्र। जिल्ला अदालत पर्साले वीरगन्जको भेडियाहीमा रहेको नेसनल मेडिकल कलेजका निर्देशक साहनवाज अन्सारी र ल्याब प्रमुख सञ्जय साहलाई थप पाँच दिन थुनामा राख्न अनुमति दिएको छ। गत सोमबार पत्राउ परेका दुवै जनामाथि अदालतले अनुसन्धान गर्न पहिलो पटक दुई दिन म्याद दिएकोमा बुधबार दोस्रो पटक थप पाँच दिन थुनामा राखेर अनुसन्धान गर्न अनुमति दिएको हो। वीरगन्ज महानगरपालिका, जिल्ला प्रहरी कार्यालय पर्सा, वाणिज्य कार्यालय पर्सा र वीरगन्जस्थित औषधी व्यवस्था विभागको संयुक्त अनुगमन टोलीले अस्पतालको सोमबार ल्याबमा छापामारी गरी म्याद नाघेका औषधी तथा केमिकल (रसायन) फेला परेपछि प्रहरीले कलेजका प्रबन्ध निर्देशक (एमडी) अन्सारी र ल्याब प्रमुख साहलाई पक्राउ गरी अनुसन्धान सुरु गरेको थियो। उपभोक्ता हित संरक्षण मञ्चले दिएको जाहेरीका आधारमा प्रहरीले उनीहरूविरुद्ध कालोबजारी तथा सामाजिक अपराध मुद्दामा म्याद थप गरेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ। प्रहरीले नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालयमा लगेलगत्तै ब्लडप्रेसर बढेको र पखाला लागेको जनाएपछि पत्राउ परेका दुवै जनालाई नारायणी अस्पतालमा उपचारका लागि लगिएको थियो।

नारायणी अस्पतालबाट सोमबार राति नै वीरगन्जको सुविधायुक्त नारायणी वयोधा अस्पताल गण्डकमा लगिएको थियो भने मंगलबार वीरगन्ज हेल्थकेयर अस्पतालको सघन उपचार कक्षामा उपचार भइरहेको जनाइएको छ। नेसनल मेडिकल कलेज तथा शिक्षण अस्पतालको ब्लक 'ए' मा रहेको मुख्य प्रयोगशाला (ल्याब) मा सन् २०२१ र २०२२ सम्मको म्याद रहेको केमिकल (औषधी) फेला परेको अनुगमन टोलीले जनाएको छ।

# भ्रष्टाचार प्रकरण : सञ्चार माध्यम आक्रामक, दलहरू रक्षात्मक !

**सुदर्शन आचार्य**

राजनीतिक सिद्धान्त, नीति र विचारविपरीत गठबन्धन गरी निर्वाचनमा होमिएको विषयको 'राप र ताप'बीच भएको नेपाली कांग्रेसको महासमिति बैठकको निर्णय लेखन अगावै सत्ताबाट विपक्षी बेञ्चमा पुगेको कांग्रेसभित्रको राजनीति सतहमा हेर्दा 'शान्त तलाउ' झैँ देखिएको छ। तर, कांग्रेसको संस्थापन पक्षले सत्तालाई नै सर्वेसर्वा ठान्दाको परिणति भने हिजो दिवंगत नेता गिरिजाप्रसाद कोइराला वा आज शेरबहादुर देउवा दुवैकालीन समय आफ्ना गुटका लागि 'अप्रिय' नै सावित हुँदै गएका छन्। जसको पछिल्लो उदाहरणका रुपमा कांग्रेसका केन्द्रीय सदस्य तथा कर्णाली प्रदेशका कांग्रेस संसदीय दलका नेता जीवनबहादुर शाहीलाई लिन सकिन्छ।

वाइडवडी प्रकरणमा शाहीले आफ्नो बैंक खातामा कति मौजाद थपे, त्यो बेग्लै कुरा हो। तर, उनी उक्त प्रकरणबाट उम्कन भने किन सकेनन् भन्दा उक्त प्रकरणमा प्रत्यक्ष आर्थिक फाइदा लिने व्यक्ति वा पक्षको नामै उनले अख्तियारसमक्ष लिन सकेनन्। भ्रष्टाचार प्रकरणकै कारण कांग्रेसको संस्थापन पक्ष यतिबेला एकपछि अर्को घटनाका कारण 'रक्षात्मक' अवस्थामा छ। पूर्व प्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र बाबुराम भट्टराईले उन्मुक्ति दिलाउँदै ललिता निवास जग्गा प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गर्यो। तर, उक्त मुद्दामा कांग्रेसका नेता तथा देउवा निकट पूर्व उपसभापति विजयकुमार गच्छदार अदालत धाइरहे। प्रतिनिधिसभा नियमावली २०७५ अनुसार भ्रष्टाचार मुद्दा लागेलगत्तै स्वतः निलम्बन हुने व्यवस्था अनुसार हिजो गच्छदार र आज प्रदेशसभा सदस्य जीवन शाही निलम्बनमा परेका हुन्। भ्रष्टाचार निवारण ऐनको दफा ३३ र अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्बन्धी ऐनको दफा १७ मा पनि सार्वजनिक पद धारण गरेको व्यक्तिलाई भ्रष्टाचारको अभियोगमा मुद्दा दर्ता भएपछि किनारा नलागेसम्म स्वतः निलम्बन हुने व्यवस्था छ।

तर, 'न्यायका नौ सिङ' भने झैँ सांसद टेकबहादुर गुरुङका हकमा भने यी धारा र उपधारा केही पनि आकर्षित भएन। सर्वोच्च अदालतले अनौठो व्याख्या गर्दै उनलाई कानुन निर्माण गर्ने थलो संसदसम्म जाने बाटो 'मुद्दाको किनारा नलाग्दै' खोली दिएर अनौठो नजिर स्थापित गरिदियो। राष्ट्रिय प्रजातन्त्र पार्टीका दिपक बोहरासँग २६ सय ८१ मतले रुपन्देहीबाट पराजित कांग्रेस केन्द्रीय सदस्य बालकृष्ण खाँड स्वयम् पनि 'राजनीतिक अवसान'कै डरले भुटानी शरणार्थी प्रकरणको अन्तिमबिन्दू कहाँ हो भन्न नसकेकै कारण राजनीतिक रुपमा समेत डामिन पुगे।

दुनियाँलाई थाहा छ, उक्त प्रकरणको माथिल्लो लहरो भनेको केवल खाँड र टोपबहादुर मात्र होइनन्। तर, उनीहरूले उक्त प्रकरणको बेग आफैँमा रोकिदिँदा उनीहरूभन्दा माथिल्लो तहले उन्मुक्ति पाइदियो। उनीहरूभित्र कहीँ कतै आफ्नो बचाऊमा पार्टीको उपल्लो तह लागिपर्छ कि भन्ने पनि थियो होला। तर, आफ्नै पक्षका एकपछि अर्को नेता 'भ्रष्टाचार प्रकरण'मा पर्दै जाँदा बचाऊमा लागिहाल्न सक्ने अवस्थामा थिएनन्, पार्टीका संस्थापन पक्ष। त्यसो त, पार्टी सभापति देउवाकै संरक्षणमा लाभ उठाउँदै आएका संस्थापन पक्षका नेता मोहमद अफ्ताव आलम पनि हिरासतमै छन्। रौतहटको राजापुर फरहदवामा भएको बम काण्डका आरोपी आलम घटनाको बाह्र वर्षपछि पक्राउ परेका थिए।

उनीमाथि पहिलो संविधानसभाको निर्वाचनको पूर्व सन्ध्यामा 'बुथ कब्जा गर्ने उद्देश्य'ले बम बनाउने क्रममा विष्फोट हुँदा दुई जनाको मृत्युसँगै अन्य घाइते १३ जनालाई इँटा भट्टामा जिउँदै जलाइएको आरोप आलममाथि लागेको छ। संस्थापन पक्षसँग जोडिएर पटक-पटक राजनीतिक लाभ लिएकै कारण अनियमिततासँग जोडिएर कारबाहीको दायरामा आएका घटनाक्रमको श्रृंखला यही मात्र रोकिन्न। हिजो गिरिजाप्रसाद कोइरालाका प्रियपात्र रहँदै सरकारमा प्रभावशाली भूमिकामा देखिएका गोविन्दराज जोशी, तारिणीदत्त चटौत, जेपी गुप्तादेखि चिरन्जीवी वाग्लेसम्मका नेता समेतले आफ्नै लागि भ्रष्टाचार गरे वा भ्रष्टाचार गर्नु पर्नाको 'कारण र पात्र' अरु नै थिए, त्यो उनीहरू नै जानुन्।

तर, उनीहरूले लामै कारवाहीको प्रकृया भोग्नुपर्‍यो। उनीहरूमध्ये कतिपयको केश पनि जारी छ। कांग्रेसभित्रको राजनीति पनि अनौठो देखिन्छ। भ्रष्टाचार प्रकरण जारी रहेकै बखत पार्टीको महाधिवेशनमा दोस्रो उपल्लो मत लिएर विजयी भएका नेता हुन्– खुमबहादुर खड्का। दिवंगत नेता खड्काले प्राप्त गरेको मतका आधारमा भन्ने हो भने एकातिर उनको लोकप्रियता देखिन्थ्यो भने अर्कातिर कांग्रेस कार्यकर्ताले 'भ्रष्ट र इमान्दार'को परिभाषा छुट्याउनै सक्दैनन् भन्ने पनि प्रष्टिन्थ्यो। पार्टी नेतृत्वले कहिल्यै आफ्ना नेता कार्यकर्तालाई इमान्दार बन्नुपर्छ भन्ने पाठ सिकाउनै चाहेन। किनकि, अस्तित्वमा रहेका कुनै पनि राजनीतिक दलका कोही पनि नेताले स्वयम् आफूलाई समेत आजका मितिमा इमान्दार राख्नै सकेनन्।

भ्रष्टाचार तथा अनियमितताको श्रृंखलाकै कारण राजनीतिक जीवन नै समाप्त हुने उपक्रम कांग्रेसमा मात्र होइन, प्रजातन्त्र प्राप्तियता लामै समय शासन सत्तामा रहेकैले मात्रात्मक हिसाबले कांग्रेसका नेता ज्यादा जेल जाने क्रममा देखिन्छन्। तर, सत्तारुढ दल एमाले र माओवादी समेतले आफ्ना नेता कार्यकर्तालाई 'चोखो' राख्न सकेनन्। सुन प्रकरणमा पूर्व सभामुख कृष्णबहादुर महरा र उनका छोरा, उपराष्ट्रपति नन्दबहादुर पुन र उनका छोराहरू, भुटानी शरणार्थी प्रकरणमा रामबहादुर थापा बादलका छोरा, एमाले नेता टोपबहादुर रायमाझी र उनका छोरा दुवैजना, ललिता निवास जग्गा प्रकरणमा एमालेका प्रभावशाली नेता विष्णु पौडेल आदिको नाम सतहमै आयो।

पार्टी संस्थापन पक्षको बन्ने, उचित या अनुचित लाभ लिने र सकेसम्म राजनीति शक्तिको आड्मा बच्ने उपक्रमले पार्टीहरूको त बद्नामी भयो नै यी र यस्ता घट्नाले संघीय लोकतान्त्रिक गणतन्त्रको समेत बद्नामी हुँदै गएको छ। कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी शर्मा ओली, माओवादी अध्यक्ष पुष्पकमल दाहाल, समाजवादी अध्यक्ष माधवकुमार नेपाल र मधेशवादी दलमा समेत अध्यक्षको निकट बन्ने र अनुचित लाभ लिनेको संख्यामा पछिल्ला वर्षहरूमा ह्वात्तै बढोत्तरी आएको छ।

पार्टी अध्यक्ष तथा प्रधानमन्त्रीहरूकै आड्मा भ्रष्टाचार गरेर पार्टी अध्यक्षकै तहमा 'रकम कलम' पुर्‍याइन्छ वा सभापति तथा प्रधानमन्त्रीलाई राजनीतिक रुपमा बलियो बनाउने बाहनामा 'रकम कलम' चाहिँ आफैँ राखिन्छ त्यो भने गर्भकै विषय रह्यो। तर, कारबाहीको भागीदार भने हालसम्मका घटनामा कुनैपनि पार्टी सभापति तानिएका छैनन्। देउवा निकटकै नेताद्वय ज्ञानेन्द्रबहादुर कार्की र मोहनबहादुर बस्नेत जोडिएको टेरामक्स जोडिए। त्यसअतिरिक्त ओम्नी, स्टकएक्सचेञ्ज, टिकापुर जग्गा, बुढीगण्डकी हुँदै गोकुल बाँस्कोटा जोडिएको ७० करोडको टेप प्रकरण, गिरीबन्धु टी स्टेट, आयल निगम जग्गा खरिद, भृकुटी मण्डप जग्गा प्रकरण, एमडीएमएस प्रकरण, वाइडवडी खरिद प्रकरण तथा सिक्टा सिँचाइ, सांसद अपहरण, ई-पासपोर्ट, रासायनिक मल खरिद, आदि प्रकरण चर्चामै रहिरहेका छन्।

यीमध्ये कतिपय अदालतमा पुगेका छन् भने कतिपय सम्भवतः अख्तियारले छानबिन गरिरहेको छ। उल्लेखित सबै प्रकरणको पटाक्षेप र अवतरण हेर्न बाँकी नै छ। माथि उल्लेखित ठूला भनिएका प्रकरणलाई नै ओझेलमा पार्ने गरी नयाँ उदायका राजनीतिक दल सम्बद्ध नेता जदोडिएको सहकारी प्रकरणले संचार माध्यमदेखि संसदसम्म तताएको छ। सरकारका उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने तथा राष्ट्रिय स्वतन्त्र पार्टीकै अर्का नेता तथा मन्त्री डिपी अर्याललगायत त्यही पार्टीका अन्य नेता जोडिएको सहकारी ठगी प्रकरणलाई लिएर कांग्रेसले संसद अवरुद्ध गर्दै आएको छ।

सहकारी ठगीमा आफू संलग्न नरहेको जिकिर उपप्रधान तथा गृहमन्त्री लामिछानेले कांग्रेसलाई चुनौति दिएका छन्। आफू जही पनि बहस गर्न तयार भएको बताउँछन्। लगत्तै कांग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले सार्वजनिक सञ्चार माध्यम तथा संसदमै 'संसदीय छानबिन समिति' गठन गरौं र बहस पनि त्यही गरौं भने लगत्तै 'सहकारी ठगी प्रकरण'को विषय पेचिलो बन्दै गएको छ।

लामिछानेलाई के लागेको हुन सक्छ भने संसदीय समितिले छानबिन गर्यो भने तथ्य-प्रमाण बाहिर आउन सक्छन् भन्ने त्रासमा रहेको स्पष्ट हुन्छ। नत्र संसदीय छानबिन गराउन अवरोध गर्नुको कुनै अर्थ थिएन। कुनै न कुनै दिन यथार्थ के भन्ने विषय बाहिर आउँला नै, तर नयाँ भनिएका दल र तीनका नेता कार्यकर्ताको सहकारी प्रकरण, नागरिकता, पासपोर्ट आदि केसकै कारण 'जुन जोगी आएपनि कानै चिरेको' भन्ने उखान चरितार्थ भएको छ।

समग्रमा भ्रष्टाचार प्रकरणमा नयाँ पुराना सबै दलका नेता 'रक्षात्मक' र सञ्चार माध्यम भने 'आक्रामक' देखिएका छन्। वास्तवमा भ्रष्टाचारका सम्बन्धमा अख्तियार, मिडिया र जनता भन्दा पनि पहिला सरकार र दलहरू सचेत रहँदै आफ्नो बोलीमा झैँ 'भ्रष्टाचारका विषयमा शून्य सहनशीलता'को नीति अपनाउन सक्नुपर्दथ्यो।

तर, भइदियो उल्टो, सरकार र सरकारमा रहने दल सत्ताकै आडमा त्यो पनि सकेसम्म कारबाहीबाट बच्न मन्त्रिपरिषद्बाट 'नीतिगत निर्णय' गराएर भ्रष्टाचार गरिनैरहेका छन्। मिडियाले चर्को दबाब दिनैपर्ने र आयोगले अदालतमा पुर्‍याएका घटनामा पनि 'टेकबहादुर गुरुङहरूले झैँ आश्चर्यजनक उन्मुक्तिको बाटो' पाउने श्रृंखलाले नेपाल अब बन्दैन भन्नेहरूको भनाईलाई बल पुग्दै गएको छ। आयोगले ठूलालाई नछुने र सानालाई नछाड्ने अनि भ्रष्टाचार छानबिनका पक्षधरहरू 'गगन, विश्व, प्रदिप र योगेशसँगै माधव सापकोटाहरू नबोल्ने हो भने 'भ्रष्टाचारकै कारण दलहरूका विरुद्ध' अर्को जनआन्दोलनको आँधीबेहरी उठ्न सक्छ। दलहरूका लागि त्यतिबेला सच्चिने समय पनि घर्किसकेको हुनेछ।

मूलधारका दलहरूले सोच्नै पर्ने अर्को विषय भनेको राजनीतिक स्थीरताको विषय हो। एकातिर लगानी सम्मेमलन पूर्व नेपालको छवि नै विश्वमा 'भ्रष्ट छवि'को सन्देश गएको छ। अख्तियारलाई राजनीतिमुक्त स्वतन्त्र संस्थाको रुपमा छानबिन गन सक्ने बनाइनुपर्छ। अर्कातिर कांग्रेससहितको हिजोको गठबन्धन निर्वाचनमा जानुपूर्व समृद्धि र सुशासनसँगै राजनीतिक स्थीरताको विषय पनि 'चुनावी मुद्दा' बनाएकाले त्यो तहमा सोच्न जरुरी छ।

सुशासनकाबारे माथि लामै व्याख्या गरियो। राज्य सुशासन कायम गर्ने सन्दर्भमा असफल त भयो नै समृद्धिको सन्दर्भमा समेत असफल सावित भयो। राजनीतिक स्थीरताका सन्दर्भमा भने दलहरू कम्तीमा एकै ठाउँ उभिएर निर्वाचनमा कम्तीमा एउटा दलले बहुमत ल्याउने र पाँच वर्ष सरकार सञ्चालन गर्ने बाटोमा मुलुकलाई लैजान 'संविधान संशोधन' हुन सकेन भने मुलुक एक पटक 'स्टन्टबाज'हरूकै हातमा जाने निश्चित प्रायः छ। त्यतिबेला 'न रहे बाँस, न बजे बाँसुरी'बाट मुलुकलाई जोगाउने शक्ति समेत पाउन मुस्किल हुने अनुमान निकाल्न कठिन छैन।

# श्री जनता नमूना माध्यमिक विद्यालय चन्द्रलालपुर

**गोलबजार न.पा.-८, चोहर्वा, सिरहा**

**मधेश प्रदेश, नेपाल**

**संशोधन गरिएको**

## विषयः सि. सि. क्यामरा खरिदका लागि कोटेशन पेश गर्न हुन बारे ।

**मिति : २०८०।१२।२६**

प्रस्तुत विषयमा यस विद्यालयको शिक्षण तथा अन्य गतिविधिहरु नियाल्नको लागि कक्षा कोठा लगायत अन्य विभिन्न ठाउँमा सि. सि. क्यामरा जडान गर्ने पर्ने भएकोले तपसिलमा उल्लेखित मोडेल तथा क्षमता भएको सि. सि. क्यामरा र अन्य सामानहरु लागि ईच्छुक दर्ता भएको फर्म वा ईजाजत प्राप्त कम्पनीहरुले घटिमा ३ वटा ब्राण्डको खामबन्दी रुपमा दर र वारेन्टी अवधी समेत उल्लेख गरी सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र कोटेशन पेश गर्न हुन जानकारी गराईन्छ।

**तपसिल**

| S.N. | Item Name | Qnty. | Remarks |
|---|---|---|---|
| 1 | 4 MF Color bullet network camera | 4 | |
| 2 | 2 MP Fixed network turrent camera | 18 | |
| 3 | 32 CH NVR 4K | 1 | |
| 4 | HDD 8 TB | 1 | |
| 5 | LED 43" | 1 | |
| 6 | Outdoor Network Cable | 2 ctn | |
| 7 | 4+2 Port Dual Uplink POE Switch | 2 | |
| 8 | 8+2 Port Dual Uplink POE Switch | 2 | |
| 9 | Listic and other requirement part | | |
| 10 | Fiber 4 Pair Wire | 700 M | |
| 11 | Gigabyte Switch & Port | 1 | |
| 12 | Media Converter | | |
| 13 | RJ 45 | | |
| 14 | PVC Box | | |
| 15 | 6 U Rack | 1 | |
| 16 | 2 U Rack | | |
| 17 | Networking and Installations | 1 | |

**नोटः**

- फर्म वा कम्पनीको दर्ता प्रमाणपत्र
- कर चुक्ता गरेको प्रमाणपत्र

**प्रधानाध्यापक**

**पसलले पेश गर्नु पर्ने प्रयाजनको लागि**

ठेगानाः
प्रोप्राईटरको नामः
ठेगानाः
सम्पर्क नं.
कबुल गरी पेश गरिएको विवरणः
**पुनश्चः** माथि तपसिलमा उल्लेखित विवरण पेश गर्नु पर्ने
पसलको छाप

प्रोप्राईटरको
मिति : ॥

**EmailM publicschoolchandralalpur@gmail. com** **Mobile No.: 9852823079, 9852834072**


# इलाम २ : दलहरूको ध्यान डिजिटल प्रचारमा

इलाम २८ चैत्र। उपनिर्वाचनलाई लक्षित गरेर मुख्य प्रतिस्पर्धी दलहरूले मिडिया र सामाजिक सञ्जालमा आफ्नो बाक्लो उपस्थिति जनाएका छन्। वैशाख १५ गते हुने उपनिर्वाचनलाई लक्षित गरेर भिडियो र फोटो सन्देशलाई सामाजिक सञ्जालमा प्रकाशन, प्रशारण गर्ने क्रमलाई दलहरूले आक्रामक बनाएका हुन्। भावनात्मक रुपमा प्रभावित पार्ने प्रकारका भिडियो सन्देशलाई दलहरूले प्राथमिकतामा राखेका छन्। वृद्धवृद्धा, महिला र युवाले दलहरूका पक्षमा मतदान गर्ने आशयका साथ बनाइएका भिडियो सामाजिक सञ्जालमा छ्यापछ्याप्ती छन्। यसरी सबै दल र स्वतन्त्र उम्मेदवारहरूले सामाजिक सञ्जाललाई व्यापक उपयोग गरिरहेका छन्। चुनाव लक्षित प्रचार सामग्री प्रशारण तथा प्रशारण गर्नका लागि जिल्ला, स्थानीय तह लगायतका नाममा पार्टीको फेसबुक प्रोफाइल खोलेर प्रचारलाई आक्रमक बनाइएको छ।

दलका समर्थक गायक तथा कविहरूले उम्मेदवारको पक्षमा कविता वाचन गरेर, गीत गाएर मत मागेको भिडियो कार्यकर्ताहरूले अधिक पोस्ट र शेयर गर्ने गरेका छन्। धेरै फलोवर्स भएका युट्युब च्यानल र फेसबुक पेजलाई पैसा तिरेर पनि दलहरूले हातहातसम्म सन्देश पुऱ्याइरहेका छन्। यसरी इन्टरनेटको बढ्दो पहुँच र सामाजिक सञ्जालको लोकप्रियतालाई 'क्यास' गर्ने अभियानमा दलहरू लागिपरेका छन्। हालसम्म दल र कार्यकर्ताहरूले एआई तथा डिपफेकको प्रयोग गरिएको नपाइए पनि चुनौती भने उत्तिकै छ। तर विगतका चुनावमा अन्य निर्वाचन क्षेत्रमा खिचिएका सन्दर्भ मिल्ने प्रकृतिका फोटो र भिडियोलाई प्रशारण गरेर भ्रम छर्ने काम भने भइरहेको छ।

राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले आफ्ना कार्यक्रम फेसबुक लाइभ गरिरहेका छन्। केन्द्रकै निर्देशनमा डिजिटल क्याम्पेन युनिट गठन गरेर दलहरू आफ्नो प्रचारप्रसारमा लागेका छन्। इन्टरनेट र सामाजिक सञ्जालमा ज्ञान भएका युवा पुस्ताले क्याम्पेनका युनिट सम्हालेका छन्। सहमहामन्त्री विपिनकुमार आचार्यले राष्ट्रिय स्वतन्त्र पार्टीको डिजिटल क्याम्पेन टोलीको नेतृत्व गरेका छन्। रास्वपाको अभियान विभाग प्रमुख नै आचार्य छन्। आर्चायले भने, 'हामीले कन्टेन्ट क्रिएसनको काम फिल्डबाट गरिरहेका छौं। पोस्ट प्रोडक्सनको काम कतिपय इलामबाट र अधिकांश काठमाडौंबाट भइरहेको छ।'

प्रेस चौतारीका उपाध्यक्ष राजेश राईको नेतृत्वमा परिचालन भएको टोलीले नेकपा एमालेको 'मिडिया क्याम्पेन'को जिम्मा पाएको छ। एमालेले इलाममा छुट्टै मिडिया डेक्स स्थापना गरेको छ। एमाले इलामका सचिव उमेश गुरुङले केन्द्रबाट अएका र स्थानीय विषय विज्ञले डिजिटल क्याम्पेन सम्हालेको बताए। उनले भने, 'हाम्रो 'टीम

**-बाँकी अन्तिम पेजमा**






# शरीरको नापजाँच : उमेर र उचाइअनुसार सही तौल कति हुनुपर्छ ?



शरीरको तौल सन्तुलित हुँदा धेरै गम्भीर रोगको जोखिम कम गर्छ। स्वस्थ आहार र सक्रिय जीवनशैली अपनाएर तौल नियन्त्रणमा राख्न र गम्भीर रोगको सिकार हुनबाट बच्न सकिन्छ। सामान्य तौलको परिभाषा हरेक व्यक्तिको लागि फरक हुन्छ। मानिसको शरीरको प्रकार, उचाइ, उमेर र शारीरिक अवस्थाका आधारमा व्यक्तिको तौल फरक-फरक हुनसक्छ। मानिसहरूले सामान्यतया बडी मास इन्डेक्स 'बीएमआई'को आधारमा तौल नाप्ने गर्छन्। बीएमआई निकाल्न आफ्नो उचाई मिटरमा र वजन केजीमा नाप्नुपर्छ। उचाईमा आएको मिटरलाई दुई पटक गुणन गरेपछि आउने प्रतिफलले वजनलाई भाग गर्दा जुन अंक आउँछ, त्यही बडी मास इन्डेक्स हो ।

**सामान्य तौललाई कसरी बुझ्ने ?**

आधुनिक जीवनशैलीमा हरेक मानिसको खानपान, स्वास्थ्य र जीवनशैली फरक-फरक हुन्छ। तौल पनि व्यक्तिको खानपान, जीवनशैली र स्वास्थ्यका आधारमा बढ्छ वा घट्छ। तौललाई सही रूपमा बुझ्नको लागि व्यक्तिको उचाइ, तौल, उमेर, स्वास्थ्य र रोगसँग सम्बन्धित कुरा अध्ययन गरिन्छ। सामान्यतया उमेर, लिङ्ग र उचाईको आधारमा व्यक्तिपिच्छे फरक हुनसक्छ। साथै बडी मास इन्डेक्स बाहेक तौल व्यक्तिको शारीरिक अवस्था, रोग, आहार आदि अनुसार फरक हुनसक्छ। उमेर र उचाइअनुसार सामान्य तौल निम्नानुसार छ :

**उमेर अनुसार पुरुषको वजन**

१२ देखि १४ वर्ष ३२-३८ केजी
१५ देखि २० वर्ष ४०-५० केजी
२१ देखि ३० वर्ष ६०-७० केजी
३१ देखि ४० वर्ष ५९-७५ केजी
४१ देखि ६० वर्ष ५८-७० केजी
६० वर्षभन्दा माथि ६८ केजी

**उमेरअनुसार महिलाको तौल**

१२ देखि १४ वर्ष ३२-३६ केजी
१५ देखि २० वर्ष ४५ केजी
२१ देखि ३० वर्ष ५०-६० केजी
३१ देखि ४० वर्ष ६०-६५ केजी
४१ देखि ६० वर्ष ५९-६३ केजी

**उचाइद्वारा सामान्य वजन**

४ फिट १० इन्च - ४१-५२ केजी
५ फिट - ४४-५५.७ केजी
५ फिट २ इन्च - ४९-६३ केजी
५ फिट ४ इन्च - ४९-६३ केजी
५ फिट ६ इन्च - ५३-६७ केजी
५ फिट ८ इन्च - ५६-७१ केजी
५ फिट १० इन्च - ५९-७५ केजी
६ फिट - ६३-८० केजी

**बालबालिका र युवाहरूको लागि स्वस्थ वजन**

बालबालिका र युवाका लागि 'वर्नर र वेटब्रिट'को तालिका प्रयोग गरेर स्वस्थ तौल अनुमान गर्न सकिन्छ। यी तालिकाहरूमा, स्वस्थ वजन दायराहरू उमेर र उचाइमा आधारित छन्। सामान्यतया बालबालिकाको तौल उमेरसँगै बढ्दै जान्छ, तर यो उनीहरूको उचाइ र अन्य कारकहरूमा पनि निर्भर गर्छ। युवाहरूका लागि स्वस्थ तौल तिनीहरूको उमेर, उचाइ, लिङ्ग र शारीरिक गतिविधिको आधारमा निर्धारण गरिन्छ।

**वयस्कका लागि स्वस्थ वजन**

बडी मास इन्डेक्स प्रयोग गरेर वयस्कका लागि स्वस्थ तौलको मूल्यांकन गरिन्छ। बीएमआईले तौल र उचाइको अनुपात नाप्छ। बीएमआईको लागि संयुक्त राष्ट्र संघको मानक प्रयोग गरिन्छ। सामान्यतया उमेर बढ्दै जाँदा शारीरिक गतिविधि कम हुन्छ र वजन बढ्ने जोखिम बढ्छ। त्यसैले बीएमआई संख्या पनि उमेरसँगै बढ्छ। सन्तुलित र पौष्टिक आहार सेवन, नियमित व्यायाम र सक्रिय जीवनशैली अपनाएर तौल नियन्त्रणमा राख्न सकिन्छ। अत्याधिक तौल बढ्नु र तौल घट्नु दुवै चिन्ताजनक अवस्था हुन्। यस्तो अवस्थामा डाक्टरसँग परामर्श गरेर उपयुक्त कदम चाल्नुपर्छ। अधिक तौलका कारण उच्च रक्तचाप, मधुमेहलगायतका गम्भीर रोग लाग्ने खतरा हुन्छ। एजेन्सीको सहयोगमा

# पर्सामा सामाजिक सद्भाव कायम राख्दै ईद मनाइयो



पर्सा, २९ चैत्र। पर्सा जिल्लामा पनि इस्लाम समुदायले ईद-उल-फित्र (ईद) सामाजिक सदरुभाव कायम राख्दै मनाएका छन्। इस्लाम समुदायले पर्सामा रहेका ईदगाह तथा मस्जिदमा नमाज ( प्रार्थना) गर्दै पर्व मनाएका हुन्। वीरगञ्ज महानगरपालिका-२ स्थित ईदगाहचोकमा हजारौँ सङ्ख्यामा रहेका मुस्लिम समुदायले एकापसमा खुसी साटासाट गरेर ईद मनाएका छन्। वीरगञ्जका अन्य समुदायका धर्मावलम्बीले पनि एकापसमा शुभकामना आदानप्रदान गरेका छन्। वीरगञ्ज-२ छपकैयाँका शाहिद मियाँ सिद्धिकीले चाडपर्वलाई सामाजिक सद्भाव कायम गर्ने माध्यमका रूपमा अघि बढाउनुपर्ने बताए। "वीरगञ्जमा हिन्दू, मुस्लिम, शिखलगायतका समुदायका मानिस एकापसमा सदरुभाव कायम गरेर बसोबास गर्दै आइरहेका छौँ", उनले भने, "मेरा हिन्दू तथा शिख समुदायका साथीहरूले ईदको शुभकामना दिनुको साथसाथै आफ्नो चाडपर्वमा पनि बोलाउनुहुन्छ। हामी पनि ईदमा उहाँहरूलाई बोलाउँछौँ।"

दुवै समुदायबिच शुभकामना साटासाट गर्दै आइरहेको सिद्धिकीको भनाइ छ। जुनसुकै चाडपर्वलाई पनि आपसी भाइचारा र सामाजिक सद्भाव कायम गर्र्नेगरी अघि बढाउन जरुरी रहेकामा उनले जोड दिए। वीरगञ्जका मस्जिद तथा ईदगाहमा बालकदेखि ज्येष्ठ नागरिक उमेर समूहका मुस्लिम समुदायका मानिसको उपस्थिति थियो। साथै शारीरिकरूपमा अपाङ्ग तथा अशक्तहरू पनि नमाज गर्नका लागि ईदगाह तथा मस्जिदमा सहभागी भएका थिए।

"हामीले ईदको अवसरमा एक महिनासम्म भोकै बसेर रोजा 'व्रत' बस्यौँ। अब नमाज पढेर रोजा तोडेका छौँ", मुस्लिम समुदायका अगुवा सहवीर अहम्मदले भने, "आज हामीले घरमा इष्टमित्र बोलाएर सेबई र अरु मीठो परिकार खाने र खुवाउने परम्परा रहेको छ।" उनका अनुसार मुस्लिम समुदायले आफ्नो आम्दानीको दुई दशमलव पाँच प्रतिशत रकम दुःखी तथा अनाथलाई सहयोग गर्ने परम्परा पनि रहिआएको छ। ईदका दिन मुस्लिम समुदायका बर्तालु बिहानै मस्जिद र ईदगाहमा पुगी सामूहिक नमाज पढेर आफू तथा आफ्नो परिवारको तर्फबाट भएको गल्तीको क्षमायाचना गर्दै अल्लाह (भगवान)सँग आशीर्वाद लिने गर्दछन्।

वीरगञ्जमा करिब तीस हजारको हाराहारीमा मुस्लिम समुदाय रहेको अनुमान गरिएको छ। वीरगञ्जमा ईदगाहचोक, छपकैया, मुली, नगवा, नयकाटोलालगायत स्थानमा पुगी नमाज पढेर दुवा अर्थात् आशीर्वाद मागेको दृश्य देखिन्थ्यो। नमाज पढेर सकेपछि मुस्लिम समुदायले एकापसमा अङ्कमाल गर्दै ईदको शुभकामना साटासाट गरी यो पर्व मनाएका छन्।

# लैङ्गिक समानताका लागि सहकार्य




धनुषा, २९ चैत्र। मधेश प्रदेशमा लैङ्गिक समानतालाई अगाडि बढाउन युरोपियन युनियनका प्रतिनिधि र संयुक्त राष्ट्र संघले सहकार्य गरेको छ। मंगलबार गरिएको एकदिने भ्रमणमा नेपालका लागि युरोपेली संघ प्रतिनिधि मण्डलबाट भेरोनिक लोरेन्जो, नेपालका लागि युरोपेली राजदूतको अगुवाइमा नेपालका लागि फ्रान्सका राजदूत गिल्स बोउर्बो, जर्मनका राजदूत थोमस प्रिन्स र नयाँ दिल्लीस्थित स्विडेनका राजदूतावासबाट क्रिस्टियन कमिल, सशक्त महिला समृद्ध नेपालका तर्फबाट नेपालका लागि युरोपियन प्रतिनिधि एलिस अंकुगा सहभागी रहनुभएको थियो।

युरोपेली संघका राजदूत भेरोनिक लोरेन्जोले युरोपियन युनियन, संयुक्त राष्ट्रसंघ र नेपाल सरकारसँगको साझेदारीमा मधेशमा महिला सशक्तीकरणका क्षेत्रमा सहकार्य गर्न पाउँदा खुसी लागेको बताउनुभयो। उहाँले मधेश प्रदेश युरोपियन युनियनको प्राथमिकताको क्षेत्र भएको बताउनुभयो। उहाँले नेपालसँग मित्रताको ५० औँ वर्ष मनाइरहँदा मधेश, कर्णाली र सुदूरपश्चिममा महिलालाई सशक्तीकरण र अधिकारका लागि वकालत गर्न प्रतिबद्धतासमेत व्यक्त गर्नुभएको छ।

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले मधेश प्रदेशमा संघीयता र लैङ्गिक समानता प्रादेशिक लोक सेवा आयोग गठन र बालविवाह न्यूनीकरणका नीतिहरू पारित गर्ने बताउनुभयो। लैङ्गिक समानतालाई अगाडि बढाउन सशक्त महिला समृद्ध नेपाल कार्यक्रम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। कार्यक्रममा मधेश प्रदेशका खेलकुद तथा समाज कल्याणमन्त्री सुरिता साहले यो भ्रमण संघीय सरकारको सफलताको प्रमाण रहेको उल्लेख गर्नुभयो। मधेश प्रदेशका उपसभामुख बबिताकुमारी राउत इसर महिलालाई ३३ प्रतिशत प्रतिनिधित्व दिए पनि महिला आफ्नो विचार व्यक्त गर्न, निर्णय तथा आवश्यक सिप र क्षमता निर्माणमा चुनौती रहेको बताउनुभएको छ।

## *इलाम २ :...*

बालकोट'ले नै समाजिक सञ्जाल र मिडिया हेरिरहेको छ।' नेपाली कांग्रेसको केन्द्रीय उपनिर्वाचन परिचालन समितिले इलाममा डिजिटल क्याम्पेनिङ गरिरहको छ। समितिले खटाएर केन्द्रबाट इलाम आएका आईटीविज्ञ र सोसियल प्ल्याटफर्म विज्ञहरूको टोलीले स्थानीय नेता तथा कांग्रेस उपाध्यक्ष खगेन्द्र देवानसँग रहेर सामाजिक सञ्जालमा प्रचार गरिरहेको छ।

कांग्रेसको डिजिटल प्रचारका लागि व्यावसायिक फोटो तथा भिडियोग्राफर खटिएका छन्। कांग्रेस केन्द्रीय प्रचार विभाग प्रमुख मीन विश्वकर्माले व्यावसायिक व्यक्तिलाई साथ लिएर इलाम २ मा प्रचार गरिरहेको बताए। उनले भने, 'डिजिटल प्रचारका लागि आवश्यक पर्ने सबै सामग्री उहाँहरूले नै तयार गरिरहनु भएको छ।' इलाम २ को उपनिर्वाचनमा पहिचान पक्षधर उम्मेदवार डकेन्द्रसिं लिम्बु थेगिमलाई जिताउन पनि मिडिया युनिट खडा गरिएको छ। ४१ वटा पहिचान पक्षघर घटकले सामाजिक सञ्जालको प्रयोग गरेर प्रचार, प्रसार गरिरहेका छन्। धरानका मेयर हर्क साङपाङ थेगिमलाई जिताउन लागिरहेका छन्। उनले पनि सामाजिक सञ्जालकै सहारा लिएका छन्। थेगिमका छोरा- गायक एकदेव लिम्बु अष्ट्रेलिया गायन टुर स्थगित गरेर बुबाको चुनावी प्रचारमा आउने फेसबुकमार्फत बताएका छन्। लिम्बुका फेसबुक फलोवर्स ३ लाख ८० हजार छन्।

## *गृहमन्त्री ...*

प्रहरी प्रमुख, सेना र राष्ट्रिय अनुसन्धानका उच्च सुरक्षा पदाधिकारीलगायतका सहभागिता रहेको प्रहरी नायब उपरीक्षक न्यौपानेले जानकारी दिनुभयो। गत एक सातादेखि मधेश प्रदेशका विभिन्न क्षेत्र तथा बारा, पर्सा, रौतहटका जिल्लाहरूमा अर्थमन्त्री, मन्त्री र सशस्त्र प्रहरीका महानिरीक्षक लगायतका प्रमुखहरूको आवागमन विशेष रूपमा हुने गरेको छ।

## *डढेलोले राजमार्गमा...*

देखिनाले दुर्घटना समेत हुन सक्ने समस्या देखिएको छ।

डढेलो नियन्त्रण तथा व्यवस्थापनको लागि वन तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग र डिभिजन वन कार्यालयबाट बर्सेनि विभिन्न कार्यक्रम सञ्चालन गरिएता पनि त्यसबाट खासै ठुलो उपलब्धि भने देखिएको छैन। जिल्ला सामुदायिक वन महासंघका अध्यक्ष बेदहरी दाहालले भन्नुभयो, "वन डढेलो व्यवस्थापनमा देखिएको मुख्य चुनौती भनेको आगो निभाउने आधुनिक उपकरण र औजार नहुनु, दक्ष जनशक्तिको कमी हुनु, ऐन नियममा डढेलो सम्बन्धी छुट्टै व्यवस्था नहुनु र डढेलो नियन्त्रणमा राज्यको लगानी कमी हुनु हो।"

## *जनकपुरधाममा...*

पत्रकार सम्मेलनमा बोल्नुहुँदै मधेश प्रदेश सरकारका खेलकुद तथा समाजकल्याण मन्त्री सुरिता साहले खेलकुदको विकासका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनु भयो। उहाँले आगामी दिनमा खेलकुदको विकासका लागि थप बजेट विनियोजन गर्न लगाइने जानकारी दिनुभयो।

# दलहरूले देशलाई प्राथमिकता दिएनन् : शेखर कोइराला



काठमाडौं, २९ चैत्र। नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले राजनीतिक दलहरूले देशलाई प्राथमिकता नदिएको बताएका छन्। घोराहीमा आयोजित नेपाली कांग्रेस दाङको दोस्रो जिल्ला सम्मेलनलाई बिहीबार सम्बोधन गर्दै कोइरालाले देश दुर्घटनाको संघारमा पुगेकाले सबैजना पार्टीभन्दा माथि उठेर अगाडि बढ्नुपर्ने बताएका हुन्। 'मैले देश बचाउनकै लागि संसद्मा रहेका पहिलो र दोस्रो दल मिल्नुपर्छ भन्दै आएको छु,' कोइरालाले भने 'राजनीतिक दलहरूले देश पहिले भन्ने कुरालाई प्राथमिकतामा नराखेसम्म हुँदैन।'

छिटोभन्दा छिटो दुई ठूला दल एक ठाउँमा उभिएर देशलाई निकास दिनुपर्ने कोइरालाले बताए। राजनीतिक दलहरूले राष्ट्रलाई प्राथमिकतामा नराखेकै कारण जनतामा निराशा छाएको उनले बताए। उनले भने, 'नेताहरूले पहिले आफू त्यसपछि पार्टी अनि मात्रै देशलाई राख्ने गरेकाले संकट गहिरिएको छ।'

# ५३ राउण्ड गोली बरामद

सर्लाही, २९ चैत्र। सर्लाही सदरमुकाम मलंगवाबाट प्रहरीले ५३ राउण्ड गोली बरामद गरेको छ। नेपाल-भारत सीमा दशगजा नजिक मलङ्गवा नगरपालिका-८, गोरखकालीबाट माटोमुनी गाडेर राखिएको ५३ राउण्ड गोली बरामद भएको हो। सानो हतियार (पेस्तोल) मा प्रयोग हुने गोली बरामद भएको सर्लाही प्रहरीका सूचना अधिकारी एवम् प्रहरी नायब उपरीक्षक ( डिएसपी) दीपक श्रेष्ठले जानकारी दिनुभयो। गोरखकालीस्थित भोलेबाबा अटो पार्टस् एण्ड विजयी रिपेरिङ सेन्टर अगाडि खुल्ला ठाउँमा गरगहना राख्ने सानो ब्यागभित्र हालेर माटोमुनी गाडेको अवस्थामा गोली बरामद भएको प्रहरीले जनाएको छ। गोली राख्ने व्यक्तिको खोजी भइरहेको प्रहरी नायब उपरीक्षक श्रेष्ठले बताउनुभयो। उहाँले बरामद भएको गोली जिल्ला प्रहरी कार्यालयमा राखेर थप अनुसन्धान भइरहेको बताउनुभएको छ।

बालबालिकाले आफै मोबाईल चलाउँदैनन्। अभिभावकले अत्याधिक मोबाईल प्रयोग गर्दा उनीहरुले पनि देखेर सिक्छन् र लत बस्छ।

**मुखको स्वास्थ्यमा ध्यान दिऔं**

- दाँत तथा मुखको रोगले मानव स्वास्थमा गम्भीर असर पार्ने हुँदाः
- चिनीयुक्त वा दाँतमा टाँस्सिने खालका खानेकुरा कम खाऔं,
- रेसादार खाना, फलफूल र हरियो सागसब्जी सेवन गरौं,
- फ्लोराईडयुक्त टुथपेष्टले दुई मिनेटसम्म दिनको दुई पटक ब्रस गरौं,
- खाना खाईसकेपछि राम्रोसँग ब्रस वा कुल्ला गर्ने गरौं,
- डेन्टल लसको मद्दतले दाँतमा अड्किएको खाना निकालौं,
- सुर्तिजन्य पदार्थ तथा मद्यपान सेवन नगरौं,

**नियमित रुपमा मुख तथा गिजाको जाँच गराऔं, गम्भीर रोगबाट बचौ र बचाऔं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ website : www.marganugami.com, *e-mail : marganugamidaily@gmail.com* **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)